राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ६८ | २०८२ मंसिर ७ गते आइतवार | (Sunday, 23 Nov., 2025) | पृष्ठ ४ | मुल्य रु. ५

# संसद् पुनर्स्थापना रट्दै एमाले

## चुनावमा जाने कांग्रेसको निर्णय



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, मंसिर ६ गते ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा पुनर्स्थापना नभएसम्म शक्ति प्रदर्शनलाई निरन्तरता दिने घोषणा गरेका छन् । भृकुटीमण्डपमा सभा गर्दै ओलीले प्रतिनिधिसभा पुनर्स्थापना नभएसम्म एमालेको सभा जारी रहने बताएका हुन् । 'यो अन्तिम होइन, सुरुवात हो । यो कुनै भोट माग्नलाई चुनावी सभा गरिएको होइन' ओलीले भने, 'देश बचाउन, लोकतन्त्र बचाउन, संविधान बचाउन, जनताको अधिकार बचाउन गरिएको सभा हो ।'

प्रतिनिधिसभा पुनर्स्थापना गराएरै छाड्ने समेत ओलीले दाबी गरे । 'आगामी दिनमा अझ व्यापक, अझ सशक्त सभा गर्दै जानेछौं, जबसम्म प्रतिनिधिसभाको पुनर्स्थापना हुँदैन' ओलीले भने, 'माग राख्नलाई राखिएको माग होइन, यो । पूरा गराउन राखिएको माग हो ।' एमाले अगुवा राजनीतिक शक्ति भएकाले प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा नेतृत्व गर्ने बताए । उनले अरू राजनीतिक दलहरूलाई पनि पुनर्स्थापनाको पक्षमा उभिन पटकपटक आग्रह गरे ।

'एमाले यसको अग्रभागमा छ । सबै पोलिटकल पार्टीहरूलाई पनि पोलिटकल पार्टीको औचित्य सावित हुनेगरी प्रस्तुत हुन पनि आग्रह गर्न चाहन्छु' ओलीले भने, 'संसद पुनर्स्थापना गरौं, जेनजीका मागलाई पनि सम्बोधन गरौं, लोकतन्त्र पुनर्स्थापना गरौं, संविधानलाई बाटोमा हिडाऔं ।'

ओलीले सार्वजनिक सभा गरेर पुनर्स्थापनाको पक्षमा उभिन आग्रह गरिहँदा नेपाली कांग्रेसको केन्द्रीय कार्य समिति बैठकले भने चुनावमा जाने निर्णय गरेको छ । एक महिना लामो केन्द्रीय कार्य समिति बैठकलाई टुंग्याउँदै कांग्रेसले चुनावमा जाने निर्णय गरेको हो । जबकि ओलीलाई कांग्रेसकै आश थियो । जेनजी आन्दोलनका क्रममा ढलेको आफ्नो सत्तालाई पनि कांग्रेसकै समर्थन रहेकाले पुनर्स्थापनाको एजेण्डामा ओलीले साथ मागिरहेका थिए ।

विघटित प्रतिनिधिसभामा कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सांसदहरूको हस्ताक्षर समेत संकलन गरेका थिए । एमाले सांसदहरूको हस्ताक्षर संकलनलाई साथ दिने उद्देश्यले नै घिमिरेले अभियान चलाए पनि कांग्रेसले चुनावमा जाने निर्णय गरेको छ ।

*- बाँकी पृष्ठ ३ मा*

### सीताराम विवाहपञ्चमी

# धनुष यज्ञ मनाइयो, आज तिलकोत्सव



**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, मंसिर ७ गते ।**
जनकपुरधाममा सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको तेस्रो दिन शनिबार धनुषयज्ञ मनाइएको छ । त्रेता युगमा भगवान रामले धनुष यज्ञमा सरिक भएर कसैले उठाउन नसकेको शिवधनुष भाँचेपछि मिथिलाका राजा जनककी छोरी जानकी सित विवाह भएको धार्मिक मान्यता छ । त्यही मान्यता अनुसार आज विवाहपञ्चमीको तेश्रो दिन जनकपुरको ऐतिहासिक रंगभूमि मैदान बाह्रविघा धनुष यज्ञ मनाइएको हो । जसमा रामका स्वरुप बनेका बालबालिकाले धनुषा भाँचेर धनुष यज्ञ मनाइएको छ । रामायणमा वर्णन गरिए अनुसार त्रेता युगमा राजा

*- बाँकी पृष्ठ ३ मा*

# मोबाइल चोरीको आरोपमा कुटपिटपछि युवकको मृत्यु

**सप्तरी :** मोबाइल चोरी गरेको आरोपमा कुटपिट गर्दा एक युवकको मृत्यु भएको छ। सप्तरीको राजगढ गाउँपालिका-६ फकिरा घर भई राजविराज नगरपालिका-१६ बोरिया बस्दै आएका मुकेश यादवको शनिबार मृत्यु भएको प्रहरीले जानकारी दिएको हो । १९ वर्षीय यादवको उपचारका क्रममा राजविराजस्थित छिन्नमस्ता अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए।

प्रहरीका अनुसार दुई दिनअगाडि बोरियास्थित छिमेकी सरोकुमारी साहको मोबाइल हराएको थियो। उक्त मोबाइल मुकेशले नै चोरी गरेको भन्दै साहले कुटपिट गरेपछि घाइते भएका यादवको उपचारका क्रममा मृत्यु भएको हो । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# घरदैलोमै जनताको गुनासो सुन्दै मुख्यमन्त्री यादव

**रामबाबु यादव**
**गौशाला, मंसिर ६ गते ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव स्थानीय बस्ती-टोलमा पुगेर जनताको गुनासो सुनेका छन् । प्रदेश सरकारको कार्यशैली, सेवा प्रवाह र स्थानीय समस्याबारे प्रत्यक्ष जानकारी लिन मुख्यमन्त्री यादवले शनिवार गृह क्षेत्रमा पर्ने विभिन्न बस्ती, टोल र गाउँहरूमा पुगेका हुन् ।

त्यसक्रममा उनले स्वास्थ्य सेवा, खानेपानी, सडक मर्मत, कृषि अनुदान, सुरक्षा व्यवस्था र सामाजिक सुरक्षा भत्ताबारे आएको गुनासोलाई टिपोट गरेका थिए । धेरै स्थानमा नागरिकले ढिला प्रक्रिया, बजेट अभाव, भ्रष्टाचार र स्थानीय निकायको कामप्रति असन्तुष्टि व्यक्त गरेका थिए ।

घरदैलोका क्रममा नागरिकहरूले स्थानीय सडकको दुरवस्था, पानी वितरणमा देखिएको अव्यवस्था, अस्पताल सेवा ढिला-सुस्ती, बेरोजगारी, कृषि अनुदान नपुगेको गुनासो लगायत धेरै मुद्दा मुख्यमन्त्रीसमक्ष राखेको उनको सचिवालयले जनाएको छ ।



मुख्यमन्त्री यादव आफ्नो गृहक्षेत्र सोनमा गाउँपालिका-३ खखना, रघुनाथपुर तथा सोनमा गाउँपालिका–४ गुलरिया, खेसराहा, खैरवनीलगायतका गाउँमा घरघरमा पुगेर जन्ताको गुनासो सुनेका थिए ।

विकास निर्माणदेखि दैनिक सेवा-सुविधासम्मका समस्याको प्रत्यक्ष अवस्थाबारे बुझ्न जनताको घरदैलोमै पुगेको मुख्यमन्त्री यादवले बताएका छन् । जनताको घरदैलोमै पुगेर गुनासो सुन्ने अभ्यासलाई सरकारको उत्तरदायित्वको हिस्सा बनाउने बताउँदै मुख्यमन्त्री यादवले भने, 'कागजमा मात्र सुनेर होइन, जनताको घरमै गएर समस्या बुझ्दा वास्तवमा के-कस्तो सुधार आवश्यक छ भन्ने स्पष्ट हुन्छ ।'

उनले प्रदेश सरकार विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनताले भोगिरहेका समस्या समाधानमा प्रतिबद्ध रहेको उल्लेख गरे ।

मुख्यमन्त्री यादवले शनिबारै दुई सामुदायिक भवनको उद्‍घाटन गरेका छन् । छुट्टाछुट्टै दुई स्थानमा निर्माण भएको सामुदायिक भवनको मुख्यमन्त्री यादवले समुद्‍घाटन गरेका हुन् ।

महोत्तरीको मनरा शिसवा नगरपालिका–६ सरपल्लो बजारस्थित रहेको समुदायिक भवन तथा जिल्लाकै सम्सी गाउँपालिका वडा नं १ पर्सा मर्धर टोलमा नुनिया धर्मशालाको मुख्यमन्त्री यादवले उद्‍घाटन गरेको उनको सचिवालयले जनाएको छ । सरपल्लो बजारस्थित रहेको समुदायिक भवन ५० लाख र पर्सा मर्धर टोलमा नुनिया धर्मशाला २५ लाखको लागतमा निर्माण गरिएको बताइएको छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# ४६ वर्षपछि गोरखापत्रमा नै फर्काइयो 'गिद्दे प्रेस'




**काठमाडौं** : नेपालको पहिलो र ऐतिहासिक 'गिद्दे प्रेस' गोरखापत्र संस्थानमा फिर्ता ल्याइएको छ । राष्ट्रिय सङ्ग्रहालय छाउनीबाट आज उक्त प्रेस गोरखापत्र संस्थानमा फिर्ता गरिएको हो ।

शनिबार यहाँ सङ्ग्रहालयका प्रमुख अरुण नकर्मीले गोरखापत्रका नायब कार्यकारी सम्पादक रामप्रसाद हुमागाईंलाई उक्त प्रेस हस्तान्तरण गरे ।

करिब १२५ वर्षअघि गोरखापत्र छाप्न प्रयोग गरिएको संस्थानको कोठामा अब उक्त प्रेस राखिने तय भएको उनले बताए । २०३६ असोज १ गते संरक्षणका लागि प्रेसलाई सङ्ग्रहालयमा पठाउने निर्णय भएको छ । प्रेस हस्तान्तरण गर्नुअघि सङ्ग्रहालयका अधिकृत सुवास डङ्गोलसहितको टोलीले संस्थानको भ्रमण गरी आवश्यक सुझावसहित प्रतिवेदन दिएका थिए । विगतमा संरक्षणका लागि सङ्ग्रहालयमा पठाइएको उक्त प्रेस स्थान अभाव र जडानसम्बन्धी दक्ष जनशक्ति नहुँदा कतिपय पार्टपुर्जा खुला आकाशमुनि चउरमा रहेका थिए भने केही 'स्टोर'मा थन्किएका थिए । केही पार्टपुर्जा भने गोरखापत्र संस्थान परिसरको जमिनमा पनि दबिएको हुनसक्ने अनुमान गरिएको छ ।

इन्जिनियरिङ क्याम्पस थापाथलीमा मेकानिकल विषयमा अध्ययनरत केही विद्यार्थीले स्वयंसेवी रूपमा प्रेसको आवश्यक मर्मतका लागि सहयोग गर्ने बताएका छन् । साथै राष्ट्रिय आविष्कार केन्द्रको सहयोगका लागि पनि छलफल भइरहेको गोरखापत्रका नायब कार्यकारी सम्पादक हुमागाईंले जानकारी दिए ।

तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्कंदा १९०८ सालमा उक्त प्रेस नेपाल ल्याएको इतिहास छ । बेलायतबाट ल्याएपछि सुरुमा प्रधानमन्त्री राणाकै थापाथली दरबारमा राखिए पनि पछि गोरखापत्रमा पठाइएको थियो । रासस

सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

## राशिफल

मेष - उल्लेख्य फाइदा हुनेछ ।
वृष - फाइदा उठाउन सकिनेछ ।
मिथुन - आयआर्जनका स्रोत बढ्नेछन् ।
कर्कट - नाफा उठाउन सकिनेछ ।
सिंह - सामाजिक प्रभाव बढ्नेछ।
कन्या - मन खिन्न रहनेछ ।
तुला - काम प्रारम्भ गर्न सकिनेछ ।
वृश्चिक - काममा बाधा पुग्नेछ ।
धनु - समस्या पर्न सक्छ ।
मकर - कमजोरी तथा आलस्य अनुभूति हुनेछ ।
कुम्भ - आम्दानीको आशा नराख्नुहोला ।
मिन - खानपानको आनन्द प्राप्त हुनेछ ।

# राजनीतिक अस्थिरताभन्दा माथि उठेर विपद् व्यवस्थापन




**–डा.दीपराज थापा**

नेपाल सधैं राजनीतिक बहसको केन्द्रमा रहँदै आएको छ । भदौ २३ र २४ को जेनजी विद्रोहले आगामी वर्षहरूमा देशले कस्तो शासन व्यवस्था र नेतृत्व पाउँछ भन्नेमा अनिश्चितता बढ्दो छ । राजनीतिक सङ्कट त छँदैछ, नेपालले प्रत्येक वर्ष प्राकृतिक विपत्तिहरूको सामना पनि गर्दै आएको छ । यसले जनस्वास्थ्य र आर्थिक समृद्धिमा गम्भीर असर पार्छ ।

दुर्भाग्यवश, यस्ता विपत्तिहरू सम्बन्धी छलफल प्रायः दीर्घकालीन समाधान र भविष्यका लागि तयारी विना सम्पन्न हुन्छन् । बरू, यी विषयहरू अर्को विपत्ति नआउन्जेलसम्म बिर्सिन्छन्, जसले देशलाई बारम्बार सङ्कटको चक्रमा फसाइराख्छ ।

**बारम्बार बाढी-पहिरोको कारण**

प्रत्येक वर्ष मनसुनको समयमा नेपालमा बाढी, पहिरो लगायत प्राकृतिक प्रकोपका घटनाहरू दोहोरिन्छन् । मनसुनको बेला अत्यधिक वर्षा, कमजोर भूगर्भीय संरचना, वन विनाश, सडक निर्माणका क्रममा माटो र वृक्षहरूको बलियो संरचना अभाव, अव्यवस्थित निर्माण कार्य लगायतले बाढी र पहिरोको जोखिम बढाउँछ । त्यसैगरी, जलवायु परिवर्तनले अनियमित वर्षा र हिमनदी पग्लिने प्रक्रियालाई तीव्र बनाएको छ । यसको कारण मनसुनको समय बाहिर पनि पानी पर्ने, बाढी आउने र प्राकृतिक प्रकोप बढ्ने जोखिम उच्च हुन्छ ।

**आर्थिक र मानवीय क्षति**

नेपालमा मात्र हुने प्राकृतिक प्रकोपको खर्च हेर्दा कहालीलाग्दो देखिन्छ । यो अवस्था हरेक वर्ष दोहोरिन्छ, जसले अर्थतन्त्र मात्र नभई मानव जीवन र जनस्वास्थ्यमा गम्भीर नकारात्मक असर पारिरहेको छ । उदाहरणका लागि, २०८१ सालमा आएको बाढी र पहिरोको कुरा गरौं । अघिल्लो वर्षको बाढी-पहिरोबाट भएको क्षति हेर्दा प्रत्यक्ष आर्थिक क्षति मात्र करिब ४० अर्ब रुपैयाँभन्दा बढी रहेको अनुमान छ । यसका अतिरिक्त, मृत्यु हुने सङ्ख्या २२४, घाइते १५८, बेपत्ता १५८ र उद्धार गरिएका व्यक्तिहरू १७ हजारभन्दा बढी थिए । प्रभावित जिल्लाहरूको सङ्ख्या २१ भए पनि विशेषगरी काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर लगायत जिल्लाहरूमा ठूलो धनजनको क्षति भयो ।

धेरै सडकहरू पूर्ण रूपमा ध्वस्त भए, पुलहरू बगाइए, जलविद्युत् आयोजना भत्किए । सञ्चार प्रणालीमा नकारात्मक असर पुग्यो । साथै धेरै घर र खेतबारी बगेर नष्ट भए । प्रभावित संस्थाहरूमा विद्यालय, विद्यार्थी, अस्पताल र बिरामीहरू पनि परेका थिए । प्राकृतिक प्रकोपले समाजका विपन्न तथा गरिब समुदायलाई अझ गम्भीर असर पुऱ्याउने गरेको छ ।

**स्वास्थ्यमा नकारात्मक असर**

बाढी-पहिरो आउँदा त्यसले आर्थिक भार र मानवीय क्षति मात्र गर्दैन, प्रभावित समुदायका मानिसको स्वास्थ्यमा पनि जटिल समस्या ल्याउँछ र गम्भीर असर पार्छ । मुख्यतः बाढी-पहिरोमा परेर शारीरिक चोटपटक, हड्डी भाँचिने, अपाङ्गता हुने अत्यधिक सम्भावना रहन्छ । यसबाट धेरै मानिस पीडादायी अवस्थामा जीवन गुजार्न बाध्य हुन्छन् । बाढी-पहिरोका कारण पानीका स्रोतहरू दूषित बन्ने भएकाले विभिन्न रोग लाग्ने जोखिम बढ्छ । यसको परिणामस्वरूप जनमानसमा झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस र निमोनिया जस्ता स्वास्थ्य समस्याहरू देखिन्छन् । घर-बारी र आफन्त गुमाएका मानिसहरूमा मानसिक असर पनि गम्भीर हुन्छ । मानसिक तनावका कारण धेरैलाई डिप्रेसन, पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (पीटीएसडी) अर्थात् मानसिक आघातजन्य तनाव विकास जस्ता समस्या आउन सक्छन् । त्यसैगरी, अन्नबाली नष्ट हुँदा बालबालिका, वृद्धवृद्धा, गर्भवती महिलाहरूमा पौष्टिक पदार्थको कमी भई कुपोषणको जोखिम बढ्छ । बाढी-पहिरोले स्वास्थ्य सेवा, औषधि आपूर्ति र आकस्मिक सेवामा समेत ठूलो समस्या निम्त्याउँछ ।

**कसरी कम गर्ने बाढीपहिरो ?**

नेपालमा बाढी र पहिरो रोक्न दीर्घकालीन र छोटो अवधिका उपाय आवश्यक छन् । यी प्रकोपहरू प्रायः भू-परिवर्तन, वन विनाश, असन्तुलित विकास र जलवायु परिवर्तनका कारण हुन्छन् । मुख्य उपायहरूमा वन संरक्षण र वृक्षरोपण, जोखिमयुक्त स्थानमा घर नबनाउने, वर्षाको समयमा पानी निकासको उचित व्यवस्था र पहाडी क्षेत्रमा पानी व्यवस्थापन प्रणाली मजबुत बनाउनुपर्दछ । त्यसैगरी, जोखिम क्षेत्रमा बसोबास गर्नेहरूले समयमै सुरक्षित स्थानमा जानु, सूचना स्रोतहरू (रेडियो, टिभी) सुन्नु र विशेषज्ञको सल्लाह पालना गर्नु आवश्यक छ । बाढी-पहिरोपछि स्वास्थ्य जोखिम कम गर्न पानी उमालेर पिउनु, हात साबुनपानीले धुनु, खानेकुरा राम्रोसँग पकाएर खानु र लामखुट्टे हटाउन प्रयास गर्नु जरूरी हुन्छ । मानसिक स्वास्थ्यमा असर परेमा नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गरी परामर्श लिनु पनि महत्त्वपूर्ण छ ।

**सरकार र स्थानीय सरकारले के गर्ने ?**

नेपालमा हरेक वर्ष बाढी-पहिरोले ठूलो क्षति पुऱ्याउँछ, तर सरकारको दीर्घकालीन तयारी र रोकथाममा पर्याप्त चासो देखिंदैन । प्रायः विपद् आउँदा मात्र उद्धार र राहतका काम हुन्छन्, जसले हरेक वर्ष उस्तै समस्या दोहोरिन्छ ।

बाढी-पहिरो रोकथामका लागि सरकार र समाज दुवैको सक्रिय भूमिका आवश्यक छ । मुख्य उपायहरूमा जोखिमयुक्त क्षेत्रमा सुरक्षित पूर्वाधार निर्माण, पानी निकासको दीर्घकालीन व्यवस्था, वन संरक्षण र वृक्षरोपण तथा वातावरणीय संरक्षणका कार्यक्रम पर्छन् । विपद् जोखिम न्यूनीकरण ऐन २०७४ अनुसार राष्ट्रिय प्राधिकरण स्थापना भए पनि कार्यान्वयनमा ढिलाइ भइरहेको छ । त्यसैले सङ्घीय, प्रदेश र स्थानीय सरकार बीच समन्वय गरी जनचेतना, तालिम र मौसम पूर्वानुमान प्रणाली सुधार गर्नुपर्छ । सडक, पुल र भवन निर्माण गर्दा वैज्ञानिक अध्ययन र सावधानी अपनाउनुपर्छ । अव्यवस्थित सडक निर्माण रोक्नुपर्छ र पहाडी क्षेत्रमा सुरुङ मार्ग प्रवर्धन गर्नुपर्छ । हरेक वर्ष दोहोरिने सङ्कट रोक्न छुट्टै बजेट, दीर्घकालीन योजना र आवश्यक पूर्वाधार निर्माणमा सरकार तत्पर हुनुपर्छ । अब समय आएको छ– बाढी-पहिरो आउँछ भनेर प्रतीक्षा नगरी रोकथाममा जुटिहाल्नुपर्छ ।

**विपद् प्रतिरोधी देश बनाउने अभिभारा**

पछिल्लो परिवर्तनको नेतृत्व गरेको नयाँ पुस्तामा देश कस्तो बनाउने भन्ने भिजन हुनुपर्छ । तत्काल उनीहरूमा राजनीतिक नेतृत्वबारे अस्पष्टता रहे पनि कम्तीमा पनि देशमा सामाजिक नेतृत्वलाई निरन्तरता दिन सक्छन् । जेनजी नेपालमा विपद् व्यवस्थापनका लागि नयाँ शक्ति बन्न सक्छ । प्रविधिमा दक्ष र सामाजिक रूपमा सचेत यो नयाँ पुस्ताले नेपालमा विपद् रोकथाम र विनाशकारी अवस्थाबाट बचाउन रूपान्तरणकारी भूमिका खेल्न सक्छ । भ्रष्टाचार विरुद्ध भएको आन्दोलन जस्तै, जेनजीले डिजिटल प्लेटफर्म मार्फत मूल्यवान् जानकारी साझा गर्न, सचेतना अभियान सञ्चालन र समुदायलाई अनलाइन तथा अफलाइन दुवै माध्यमबाट परिचालन गर्न सक्छ । यसरी उनीहरू विपद् तयारी र लचिलोपन निर्माणमा शक्तिशाली साझेदार बन्न सक्छन् ।

जेनजीले #GenZForSafeNepal जस्ता ह्यासट्याग सहित सामाजिक सञ्जाल अभियान सञ्चालन गर्न र युट्युब, टिकटक, फेसबुक, इन्स्टाग्राम आदि प्लेटफर्ममा छोटा भिडियोहरू तयार गरी साझा गर्न सक्छ । डिजिटल अभियान बाहेक, उनीहरूले बाढी र पहिरोबारे समुदायमा आधारित सचेतना कार्यक्रम र कार्यशाला सञ्चालन गर्न सक्छन् । साथै वृक्षरोपण, पानी निकास व्यवस्थापन र आकस्मिक तालिमका लागि स्वयंसेवी गतिविधिलाई प्रोत्साहन गर्न सक्छन् । त्यसैगरी, जेनजीले विपद् आउँदा समयमै सूचना प्रवाह गर्न 'अलर्ट समूह' स्थापना गर्न सक्छ, जसले गाउँ र समुदायलाई सचेत गराउन र व्यवस्थापनका उपायहरूबारे जानकारी दिन मद्दत पुऱ्याउँछ । उनीहरूले नेपालमा हुने सबै प्रकारका विपद् समयमा मनोसामाजिक प्राथमिक उपचार प्रदान गर्न स्वयंसेवकको रूपमा पनि योगदान दिन सक्छन् ।

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६
thepublictoday2070@gmail.com

# ट्रम्पसँगको विवादपछि रिपब्लिकन सांसदद्वारा राजीनामाको घोषणा

**वासिङ्टन डिसी** : हाई प्रोफाइल रिपब्लिकन नेता तथा जर्जियाकी सांसद मारजोरी टेलर ग्रीनले आगामी जनवरीमा कङ्ग्रेसबाट राजीनामा दिने घोषणा गरेकी छन्। यो घोषणा राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सार्वजनिक विवादको केही दिनपछि आएको हो।

ट्रम्पको मागा समर्थक सुपरस्टार बनेकी ग्रीनले सामाजिक सञ्जालमा एक भिडियो विज्ञप्ति पोस्ट गर्दै जनवरी ५, २०२६ मा कङ्ग्रेस छोड्ने बताएकी छन् । उनले भनिन्, 'म अगाडिको नयाँ बाटोको लागि उत्सुक छु।'

ग्रीनले आफ्नो उपलब्धिको सूची सुनाउँदै ट्रम्पको आलोचना पनि गरेकी छन् । ट्रम्पले अर्को वर्षको चुनावमा उनलाई हटाउन रिपब्लिकन उम्मेदवारलाई समर्थन गर्ने धम्की दिएका थिए ।

ग्रीनले भनिन्, 'मसँग धेरै आत्मसम्मान र मर्यादा छ । मेरो परिवारलाई धेरै माया गर्छु, र हामी सबैले लडेको राष्ट्रपतिको विरुद्धमा मेरा प्रिय क्षेत्रले पीडादायी र घृणित प्राथमिक चुनाव सहनु नपरोस् भन्ने चाहन्छु।'

उनले ट्रम्पसँगको सार्वजनिक विवाद बाल यौन दुराचारी जेफ्री एपस्टिनसँग सम्बन्धित फाइलहरू सार्वजनिक गर्ने विषयमा भएको थियो । ट्रम्पले ग्रीनको जर्जियाको गभर्नर वा सिनेट सीटको लागि उम्मेदवार बन्ने महत्त्वाकांक्षामाथि सार्वजनिक रूपमा टिप्पणी गर्दै कमजोर जनमत सर्वेक्षणका कारण त्यसो नगर्न सल्लाह दिएको बताएका थिए। बीबीसी

# तीन महिनाभित्र कमला पुल...

सञ्चालक विष्णुप्रसाद शर्माले मन्त्रीसमक्ष तीन महिनाभित्र पुलको काम सकेर सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । स्थलगत निरीक्षणको क्रममा उनले भने, "हामी मन्त्रीज्यू समक्ष तीन महिनाभित्र पुल सकेर सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं।"

वि.सं. २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो ।

तर, पटक-पटक म्याद थपेर १३ वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अधुरै छ । पप्पु कन्ट्रक्सनले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको थियो ।

वि.सं. २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो । कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ। पुल निर्माणका सम्झौता हाल नवौं म्याद थपको प्रक्रियामा छ ।

शुक्रबारको स्थलगत अनुगमन टोलीमा मन्त्री घिसिङसँगै युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैशी, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो, जेन्जी अगुवाहरू सुदन गुरुङ, शिव यादव, पुरषोत्तम यादवलगायतको टोली सहभागी थियो ।

कमला नदीको यो पुल मधेस प्रदेशको यातायात सुगमता, सुरक्षा र आर्थिक विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ ।

मन्त्रालयले अब नियमित अनुगमन, सहजीकरण र आवश्यक सहयोग गर्दै कामलाई समयमै सम्पन्न गराउने प्रतिबद्धता जनाएको छ । रासस


# गणेशमान चारनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

**मधेश प्रदेश, नेपाल**

## सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड खरिद आपूर्ति सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति :२०८२/०८/०७)*

यस कार्यालयको चालु आ.व. ०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गणेशमान चारनाथ नगरपालिका अन्तर्गतका संस्थाहरुका लागि तपसिलमा उल्लेखित सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन खरिद आपूर्तिका लागि ई-बीड (विद्युतीय दरभाउ पत्र PPMO's e-GP system www.bolpatra.gov.np/egp) को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रित पूर्वकका विद्युतीय दरभाउपत्र आह्वान गरिन्छ ।

१. विद्युतीय दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म तोकिए बमोजिमको विद्युतीय दरभाउपत्र दस्तुर रु.१०००।- (पछि फिर्ता नहुने) गणेशमान चारनाथ नगरपालिका, विरेन्द्रबजार, धनुषास्थित माछापुच्छ्रे बैंक लि.मा रहेको आन्तरिक राजश्व खाता नं.ग-१-१-०७१००८६३२७९०००७१ मा दाखिला गरेको भौचर, चालु आ.व.को लागि नविकरण भएको फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसायी दर्ताको इजाजतपत्र, मु.अ.क. दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र र आ.व. २०८१।०८२ को करचुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपी वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित आपूर्तिकर्ता वा निजको अधिकार प्राप्त प्रतिनिधिले विद्युतीय दरभाउपत्र खरिद प्रकृयामा भाग लिन सक्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत विद्युतीय दरभाउपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र पेश गर्नुपर्नेछ ।

२. विद्युतीय दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे सम्म विद्युतीय दरभाउपत्रहरु यस कार्यालयमा विद्यूतीय दरभाउपत्रको माध्यमबाट दर्ता गर्न सक्नेछ । दर्ता भएको विद्युतीय दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे विद्युतीय दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवारमा यसै कार्यालयमा खोलिने छ । तर विद्युतीय दरभाउपत्रदाता वा निजको प्रतिनिधिउपस्थित नभएमा पनि विद्युतीय दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. विद्युतीय दरभाउपत्रको मान्य अवधि विद्युतीय दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ । विद्युतीय दरभाउपत्रदाताले विद्युतीय दरभाउपत्र साथ तोकिए बमोजिमको रकममा नघटाई गणेशमान चारनाथ नगरपालिकाको कार्यालयको नाममा रहेको गणेशमान चारनाथ नगरपालिका, विरेन्द्रबजार, धनुषास्थित माछापुच्छ्रे बैंक लि.मा रहेको स्थानीय तह धरौटी खाता नं. ग-३-०७१००८६३२७९०००९१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको र विद्युतीय दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट विद्युतीय दरभाउपत्रको हकमा कम्तिमा ९० दिन मान्य अवधि भएको विद्युतीय दरभाउपत्र जमानत बीड बण्ड पेश गर्नु पर्नेछ । विद्युतीय दरभाउपत्र पुस्तिका बीडबण्ड फाराम अनुसार भर्नुपर्ने हुन्छ । अन्यथा मान्य हुने छैन ।

४. विद्युतीय दरभाउपत्र शर्तसहित केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्य पत्र लगायतको विद्युतीय दरभाउपत्र कागजातहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको वा विद्युतीय दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहि छाप गरेको हुनु पर्नेछ ।

५. विद्युतीय दरभाउपत्रदाताले परिमाणको मूल्यपत्र (BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिनुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुवैमा स्पष्ट संग आइटेम वाइज दररेट उल्लेख गर्नु पर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। केरमेट भएमा ठाउँमा विद्युतीय दरभाउपत्रदाताले सहिछाप गरेको हुनु पर्नेछ ।

६. विद्युतीय दरभाउपत्र खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा विदापछि लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजे भित्रदर्ता गर्न सक्नेछ । त्यस्तै दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगतै कार्यालय खुलेको दिनको १२:०० भित्रदर्ता गर्न सकिनेछ ।

७. विद्युतीय दरभाउपत्र सम्बन्धी कागाजतहरु भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्चयाउन बाधा पर्ने छैन । नेपाल सरकार र स्थानीय निकायकाहितलाई ध्यानमा राखी विद्युतीय दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ते सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यस कार्यालयमा आपूर्ति गर्ने सेनिटरी प्याड ढुवानीखर्च तथा सम्पूर्ण कुराहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ । साथै सप्लाई गरिने सेनिटरी प्याडको म्याद कार्यालयमा दाखिला गर्न ल्याउादा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ। सेनिटरी प्याडको म्याद १८ महिनाभन्दा कम हुनेको हकमा Expiry date को ७५ प्रतिशत म्याद बााकी हुादा दाखिला गर्न सक्नेछ ।

९. आपूर्ति हुने सेनिटरी प्याडहरु IS/NS Certified Company बाट उत्पादित भएको हुनुपर्नेछ। नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित सेनिटरी प्याडहरु आपूर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको सर्टिफिकेट अनिवार्य रुपमा विद्युतीय दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

१०. सप्लाई हुने सेनिटरी प्याडको प्रत्येक प्याकिंगको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र **"नेपाल सरकारबाट निःशुल्क वितरणको लागि"** भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

११. बजेटको स्थिति अनुसार खरिद गरिने औषधिहरुको परिमाण थपघट गर्ने, कुनै कारण देखाई वा नदेखाई, पूर्ण वा आंशिक रुपमा प्राप्त विद्युतीय दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. एक फर्मको नाममा खरिद भएको विद्युतीय दरभाउपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन । यस सूचनामा उल्लेखित विद्युतीय दरभाउपत्रहरु सम्बन्धि थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१३. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्य विधि २०७६ को अनुसूची १ र २ ले तोके बमोजिको न्यूनतम मापदण्ड हुनु पर्नेछ ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ । विद्युतीय दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु विद्युतीय दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१५. बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ ।

१६. यस सूचनाका सबै ठेक्काहरुको व्यवस्थापन र मूल्यांकन सार्वजनिक खरिद ऐन२०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याटसमेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | 03-GMC/Goods/SQ/082/083 | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड खरिद आपूर्ति | रु.१६,९१,९०३।८० | रु.५०,०००।- |

प्रमुख प्रशासकिय अधिकृत


# सीताराम...

जनकलाई उक्त शिव धनुष भगवान पर्शुरामले प्रदान गरेका थिए । राजा जनकले उक्त धनुष उचाल्ने व्यक्तिसित मात्र छोरी सीताको विवाह गरिदिने अठोटसहित धनुषयज्ञ आयोजना गरेका थिए । उक्त धनुष कसैले हल्लाउन पनि सकेनन् । तर, अयोध्याबाट आएका भगवान रामले उठाएपछि धनुष टुक्रा भएको रामायणमा वर्णन गरिएको छ । र त्यसपछि सीतासँग रामको विवाह भएको धार्मिक मान्यता छ । सप्ताहव्यापी विवाहपञ्चमीको दोश्रो दिन शुक्रबार फूलबारी लिला मनाइएको थियो भने पहिलोदिन बिहीबार नगरदर्शन गरिएको थियो । चौथो दिन आईतबार तिल्कोत्सव रहेको छ । पाँचौदिन सोमबार राम र जानकीको मटकोर, छैटो दिन मंगलबार विवाहको मुख्य दिन विवाहपञ्चमी र छैटो दिन बुधबार रामकलेवा गरी विधिवत् रुपमा विवाहपञ्चमी महोत्सव समापन हुनेछ ।

# संसद्...

नेपाली कम्युनिष्ट पार्टीसहित दलहरू यसअघि नै चुनावमा जाने निर्णयमा पुगिसकेका छन् । अर्थात् चुनाव नभएर प्रतिनिधिसभा पुनर्स्थापनाको माग राख्ने पक्षमा एमाले अब एक्लिएको छ ।

तर अध्यक्ष ओलीले भने भावनामा बगेर चुनावमा जाने निर्णय नगर्न दलहरूसँग आग्रह गरेका छन् । 'भावनामा नबग्नुस् । ... दलहरूले एकछिनका लागि भ्रम पाल्नु हुँदैन,' ओलीको आग्रह छ । दलहरूले पूर्वाग्रह त्याग्नुपर्ने पनि ओलीको आग्रह छ । 'सबै राजनीतिक दलहरूलाई आग्रह गर्न चाहन्छु- कुनै पनि प्रकारको आग्रह, पूर्वाग्रह, संकीर्णता, प्रतिशोध छोडौं,' उनले भने । ओलीले प्रधानमन्त्री सुशीला कार्की नेतृत्व सरकारको जन्ती नबन्न पनि आग्रह गरे । 'असंवैधानिक सरकारको पछि-पछि जन्ती जस्तो भएर, जन्तीले पाउने के हो ? त्यही गएर एक छाक भात खाएर फर्कने होला कि खाजा खाएर फर्किने हो,' ओलीले भनेका छन् । नागरिक समाज, सञ्चार क्षेत्र लगायतसँग पनि ओलीले गुहार मागेका छन्। आफ्नै पार्टीका नेता तथा कार्यकर्तालाई पनि उनले चौबर सक्रिय हुन निर्देशन दिएका छन् । 'नेकपा एमालेका नेता कार्यकर्ता साथीहरूलाई म आग्रह गर्न चाहन्छु-पहिले कहिल्यैभन्दा असहज अप्ठ्यारो अवस्थामा देश छ, नेकपा एमाले जस्तो जनताको पार्टी, देशभक्त पार्टी डबल होइन चौबर सक्रियताका साथ सही विचार लिएर जनताको बीचमा जानुस् ।'

# सरकारसँगको सहमतिपछि दुर्गा प्रसाईंको आन्दोलन फिर्ता



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, मंसिर ६ गते।**
दुर्गा प्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ अभियानले आईतबार गर्ने भनिएका आन्दोलनका कार्यक्रम फिर्ता लिने भएको छ। बालुवाटारमा सरकारसङ्ग भएको वार्तापछि सो समूहले वार्ता फिर्ता लिने भएको हो। वार्ताका लागि उक्त समुहका सदस्यहरू शनिबार साँझ बालुवाटार पुगेका थिए। वार्तामा सरकारका तर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल र सल्लाहकार गोविन्दनारायण तिमिल्सिनालगायत थिए। सो क्रममा भोलिको आन्दोलन फिर्ता लिने र अर्को चरणको वार्ता महाभियानको नेतृत्वसहित यथाशीघ्र गर्ने समझदारी भएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। वार्तामा महाअभियानले उठाएका २७ बुँदे मागहरुका सन्दर्भमा विस्तृत छलफल भएको पनि जनाइएको छ। छलफलका क्रममा वर्तमान शान्ति सुरक्षाको अवस्थासमेतलाई ध्यानमा राखी नागरिक बचाउ महाभियानले उठाएका मुद्दाहरुको सम्बोधनका लागि सरकारले निरन्तर छलफल, वार्ता र सहजीकरण गर्दै जाने सहमति भएको प्रधानमन्त्री सचिवालयले जनाएको छ। महाभियानले २०८२ मंसिर ७ गतेबाट हुने गरी घोषणा गरेको नेपाल बन्द, अनिश्चितकालीन आम हड्ताल लगायतका कार्यक्रम घोषणा गरेको थियो। वार्तामा महाअभियानका तर्फबाट सचिव प्रेमदीप लिम्बु नेतृत्वको टोली सहभागी थियो। साथमा अधिवक्ताद्वय विनोदमणि भट्टराई, लवण न्यौपाने र डा निराजन प्रसाई थिए।

# तीन महिनाभित्र कमला पुल सम्पन्न गर्ने निर्माण कम्पनीको प्रतिबद्धता



**सिरहा, मंसिर ६ गते।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको स्थलगत निरीक्षण र निर्देशनपछि धनुषा र सिरहा जोड्ने कमला नदीको अधुरो पुल तीन महिनाभित्रै सम्पन्न गर्ने प्रतिबद्धता निर्माण कम्पनीले जनाएको छ।
तराई/मधेसको लाइफ लाइन मानिने हुलाकी राजमार्गअन्तर्गतको यो पुल २०६८ सालमा तीन वर्षभित्र सक्ने गरी सम्झौता भएको भए पनि १४ वर्ष बितिसक्दा पनि अपूरै रहेको थियो। मन्त्री घिसिङले शुक्रबार पुल निर्माणस्थलको निरीक्षण गर्दै स्थानीयले वर्षौंदेखि भोग्दै आएको जोखिम, सास्ती र असुरक्षा लाई नजिकबाट अनुभूत गरेका थिए। उनले स्वयं डुङ्गा चढेर नदी पार गर्दै स्थानीयको दैनिक कष्टलाई प्रत्यक्ष अनुभव गरेका थिए।
निरीक्षणपछि मन्त्री घिसिङले आज सामाजिक सञ्जालमा लेख्दै आफ्नो मन भारी भएको उल्लेख गरेका छन्। “विसं २०६८को जेठमा तीन वर्षमै बन्ने गरी ठेक्का सम्झौतासहित सुरु गरिएको यो पुल आजसम्म अधुरो छ र यसको सबैभन्दा धेरै मार स्थानीय बासिन्दाले बेहोर्नु परिरहेको छ”, उनले अगाडि लेखेका छन्, “अनुगमनका क्रममा स्थानीय बासिन्दाले भोग्दै आएको दैनिक सास्ती, जोखिम र आक्रोश प्रत्यक्ष देख्दा मन भारी भयो। स्थानीयका वर्षौंदेखिका कष्ट कति चुनौतीपूर्ण छन् भन्ने गहिरो अनुभूति गरायो।” उनले स्थानीयको तत्काल आवतजावत सहज बनाउन अस्थायी विकल्पबारे पनि विस्तृत छलफल भएको र आवश्यक प्रक्रिया अघि बढाइने जानकारी दिए। साथै, प्राविधिक पक्षमा उठेका प्रश्नबारे सम्बद्ध निकायहरू जिम्मेवार हुने र मन्त्रीस्तरीय अनुगमन निरन्तर चलिरहने स्पष्ट पारेका छन्।
पुल निर्माणको जिम्मेवारी लिएको निर्माण कम्पनी लुम्बिनी बिल्डर्सका

*- बाँकी पृष्ठ ३ मा*

# ७ दलीय संघीय लोकतान्त्रिक मोर्चा चुनावमा मिलेर जाने

**गौशाला :** मधेसकेन्द्रित दलहरुको मोर्चा संघीय लोकतान्त्रिक मोर्चाले चुनावमा मिलेर जाने निर्णय गरेको छ। शनिबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को केन्द्रीय कार्यालय बबरमहलमा बसेको बैठकले राष्ट्रिय सभा र प्रतिनिधि सभा निर्वाचनमा जाने निर्णय गरेको जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए।
चुनावमा सहभागी हुने र सातवटै घटक मिलेर जाने विषयमा सर्वसम्मतले निर्णय भएको उनले बताए। मोर्चाले भयरहित, स्वच्छ, निष्पक्ष तथा शान्त वातावरणमा सम्पन्न हुने वातावरण बनाउन पनि सरकारसँग माग गरेको छ। शनिबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बैठक बसेको थियो। मोर्चामा जसपा नेपाल, जनमत पार्टी, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) छन्। जनमत पार्टी भने पछिल्लो समय बैठकमा उपस्थित हुन छाडेको छ।

# गाउँपालिकाद्वारा प्रहरीलाई लागुऔषध परीक्षण कीट हस्तान्तरण

**सिरहा, मंसिर ६ गते।**
लागुऔषध दुर्व्यसन नियन्त्रणमा सहयोग गर्ने उद्देश्यसहित नवराजपुर गाउँपालिकाले प्रहरीलाई १२० थान लागुऔषध परीक्षण कीट हस्तान्तरण गरेको छ।
शनिवार नवराजपुरमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष शिवउदगार यादवले प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलमार्फत सुरक्षा निकायलाई कीट हस्तान्तरण गरेका हो।
कीट हस्तान्तरण गर्दै अध्यक्ष यादवले समुदायमा लागुऔषध दुर्व्यसन चुनौतीपूर्ण बनेको उल्लेख गर्दै यसको नियन्त्रण तथा रोकथामका लागि सबैले सहयोग गर्नुपर्ने बताए। उनले भने, “लागुऔषधले व्यक्ति मात्र नभई परिवार र समाजलाई समेत तहसनहस बनाइदिन्छ। त्यसको दलदलमा युवाहरू फस्दै गएका छन्। यसलाई रोक्न सबै पक्ष एकताबद्ध हुन आवश्यक छ।”
परीक्षण कीट ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी पौडेलले गाउँपालिकाको पहलले जिल्लामा दुर्व्यसन नियन्त्रणको अभियानलाई थप गति दिने विश्वास व्यक्त गरे। “परीक्षण तथा निगरानी प्रणाली मजबुत भएपछि अनुगमन, सचेतना र कानुन कार्यान्वयन झनै प्रभावकारी बन्छ”, उनले भने।
जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माले कीटको प्रयोगले लागुऔषध प्रयोगकर्ता पहिचान गर्न सहज हुने बताए।
उनले यस्ता कीटको नियमित प्रयोगले जिल्लामा दुर्व्यसनको दर घटाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे।
दक्षिण सीमावर्ती क्षेत्रमा गाउँपालिकाले परीक्षण कीट उपलब्ध गराएपछि अब गाउँभित्र लागुऔषध सेवन तथा अवैध कारोबार नियन्त्रणमा सहज हुने अपेक्षा गरिएको छ। रासस

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान
**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६
**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिबारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।


**गणीनाथ हार्डवेयर**
गौशाला-५, साँझा संस्था नजिक, महोत्तरी
यहाँ गैंडा छाप सिमेन्ट सुपथ मुल्यमा पाइन्छ।
मो.नं. ९८०७८२८१२१
प्रो. सुरेश साह


**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**
- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री